लागि रु. १०,०००।— (दश हजारसम्म) प्रति परिवार राहत सहयोग उपलब्ध गराइने छ ।

५) विपद् प्रभावित परिवारका सदस्य मध्ये उपर्युक्त र इच्छुक कुनै एक सदस्यलाई व्यबशायिक वा उध्यमशीलता सम्बन्धी तालिम लिई स्वरोजगार हुन आवश्यक तालिम प्रशिक्षणका लागि नगर विपद् व्यबस्थापन समितिले निर्णय गरी सम्बन्धित मन्त्रालय / प्रदेश वा निकाय वा तह वा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यबस्थापन प्राधिकरण मार्फत सिफारिस गरिने छ ।

६) नगरमा आईपर्न सक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्बाट पर्न सक्ने ठूलो आर्थिक जोखिमबाट बच्न पशुचौपाया, बालीनाली, भौतिक संरचना आदिको बीमाको व्यवस्था र सम्भाव्यता हेरी नगर बिपद् व्यवस्थापन समिति मार्फत बीमाको व्यवस्था मिलाइने छ ।

७) राहत तथा उद्धार कार्य सञ्चालन गर्नुपर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रू ३,०००।— (तीन हजार)मा नबढाई नगर बिपद् व्यव्स्थापन समितिको निर्णय अनुसार नगर बिपद् ब्यबस्थापन समितिले खर्च गर्न सक्ने छ ।

७) निर्धरित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा सम्बन्धित बिषयगत निकायको मूल्यांकन एबं सिफारिस र स्थलगत अनुगमनका आधारमा नगर विपद् व्यवस्थापन समितिले घटना भएको तीस दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र घटनाको प्रहरी मुचुल्का र वडाको यकिन सिफारिसका आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गरिने छ ।

९) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा तोकिएको राष्ट्रिय वा अन्तराष्ट्रिय मापदण्ड र गुणस्तर सामग्री उपलब्ध गराइने छ । राहतकर्ताको मानवीय आत्मासम्मान र उपभोक्ता हित बिपरित सामग्री प्रयोग गरिने छैन ।

१०) बिपद् प्रभावित परिवारका लागि दैनिक उपभोग्य र खाध्य सामग्री राहत स्वरुप बितरण गर्दा एकमुष्ठ पारिवरिक पोका ( Family Package ) गराइने छ ।

११) माथि उल्लेखित बाहेक अन्य विपदमा आवश्यकता हेरी नगर विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गरी नगर बिपद् व्यवस्थापन समितिले राहत उपलब्ध गराउने छ ।

१२) विपद्को चपेटामा रहेका नगरवासीको उद्धार र राहतका लागि संघीय / प्रादेशिक सरकार तथा अन्य निकाय र संघ- संस्थासंग आवश्यक समन्वय, सहयोग र सहकार्य गरी तथा त्यस्ता ब्यक्ति र परिवारकालागि उल्लेखित निकायहरुमा सिफारिसको व्यवस्था गरिने छ ।

१३) उपदफा (२) बमोजिको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायको विषय समावेश भएको हुनु पर्नेछ।

क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रमस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

ख) विपद्बाट मृत्यु हुनेका परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी

ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संबोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाको लागि सुरक्षित महिलामैत्री स्थल,

घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बधी,

ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनको माध्यमवाट पीडितको जीविकोपार्जन सम्बन्धी,

च) गैरसरकारी वा व्यक्तिगत रुपमा दिइने राहतको वितरण सम्बन्धी,

छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय

**१९) विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा :**



कानुनसङ्ग्रह

